

# कैलाश पवित्र भूपरिधिको व्यापार सम्भाव्यता

## सुदूरपश्चिम प्रदेशको निर्यात सम्भाव्यताबारे प्रारम्भिक आँकलन अध्ययन


अध्ययनकर्ताहरु

पारस खरेल

दीक्षा सिंह


sawtee

# अध्ययनबारे

- **सुदूरपश्चिम प्रदेशको निर्यात सम्भाव्यता**बारे प्रारम्भिक आँकलन अध्ययन
- प्रदेशको निर्यात सम्भाव्यतासामु **विद्यमान अवरोध पहिल्याउने**
- **संघीय तथा प्रदेश र स्थानीय सरकारहरूप्रति लक्षित** सुझाव पेश गर्दछ
- द्वितीय, प्रशोधित तथ्यांक तथा सान्दर्भिक अध्ययन सामाग्री प्रयोग गर्दछ

# अध्ययनबारे

- २०७६ साल फाल्गुणमा नेपालका **कैलाली, कन्चनपुर, बैतडी र दार्चुला तथा भारतको धार्चुलामा** मुख्य उत्तरदाता तथा फोकस ग्रुप समूहसँग सामूहिक छलफल गरिएको
- जडिबुटी असोशियन अफ नेपाल (जबान), नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ तथा नेपाल हाते कागज संघका प्रतिनिधिसँग टेलिफोन अन्तर्वार्ता

# अध्ययनबारे

- विशेष ध्यान दिइएका उत्पादनहरु : **मसलाआदि सहित औषधीय तथा सुगन्धित वनस्पति, हाते कागज, अल्लोको रेशाबाट निर्मित उत्पादनसहित गैरकाष्ठ वनजन्य उत्पादनबाट निर्मित हस्तकला, र सल्लाको खोटा (रोजिन), तारपिन तथा कत्था** आदि औद्योगिक उत्पादनहरु



# सुदूरपश्चिमबारे केही तथ्याङ्क

| | जनसंख्या %* | चरमगरिबीको रेखामुनि जनसंख्या % * | बहुआयमिक गरिबी सूचकांक % * | कूल ग्राहस्थ उत्पादन वृद्धि दर % ** | कूल ग्राहस्थ उत्पादनमाहिस्सा % ** |
|---|---|---|---|---|---|
| **प्रदेश १** | 17.1 | 12.4 | 19.7 | 3.4 | 15.8 |
| **प्रदेश २** | 20.4 | 19.8 | 47.9 | 2.3 | 13.8 |
| **बागमती** | 20.9 | 15.3 | 12.2 | 1.2 | 35.8 |
| **गण्डकी** | 9.1 | 15.5 | 14.2 | 2.7 | 8.9 |
| **प्रदेश ५** | 17 | 18.3 | 29.9 | 2 | 14.2 |
| **कर्णाली** | 5.9 | 28.9 | 51.2 | 3.6 | 4.3 |
| **सुदुरपश्चिम** | **9.6** | **33.9** | **33.6** | **4.1** | **7.2** |
| **नेपाल** | | 18.7 | 28.6 | 2.3 | |

* आर्थिक सर्वेक्षण **2018-19** ** आर्थिक सर्वेक्षण **2019-20**

# सुदूरपश्चिमको व्यापार अवस्था

- तीन मुख्य भन्सार कार्यालय: **कैलाली, कन्चनपुर तथा महाकाली भन्सार**
- सन् २०१८ मा सुदूरपश्चिमका भन्सारबाट **कूल निर्यात: नेरु ७७ करोड १० लाख (नेपालको कूल निर्यातको ०.९%)**



# सुदूरपश्चिमको व्यापार अवस्था

- समग्र नेपालले हर्मोनाइज्ड सिस्टमको ८अंक प्रणाली अन्तर्गत ११ सय उत्पादन निर्यात गरिरहँदा **सुदूरपश्चिमले जम्मा ३८ उत्पादन मात्रै निर्यात गर्दछ**
- हर्मोनाइज्ड सिस्टमको ६-अंक प्रणाली अन्तर्गत **६ वटा र २ वटा उत्पादन मात्रै**, जसको निर्यात मूल्य क्रमशः नेरु १ करोड र १० करोड बराबर छन्
- वृहत आर्थिक वर्गीकरण अनुसार **निर्यात औद्योगिक सामग्री आपूर्ति वर्गमा केन्द्रित** छ (९२ %)

# सुदूरपश्चिमको व्यापार अवस्था

- व्यापार प्रवाहको **परिमाण निर्धारणमा चुनौती**
- अन्य भन्सार वा बाटोबाट हुने निर्यातः **औषधीय तथा सुगन्धित वनस्पति र औषधीय तथा सुगन्धित वनस्पतिमा आधारित रिठ्ठाको साबुन र सारतेल जस्ता उत्पादनको नेपालगंज, काठमाडौँ, तातोपानी, रसुवा नाकाबाट हुने निर्यात तथा अल्लोका उत्पादन जस्ता हस्तकलाको काठमाडौँबाट हुने निर्यात**

# सुदूरपश्चिमको व्यापार अवस्था

- विशेषगरि औषधीय तथा सुगन्धित वनस्पतिको **अनौपचारिक तथा अभिलेख नराखिने व्यापार व्यापक** भएको पाइन्छ
- **हिमालय वारपार** परम्परागत व्यापार तथा साटासाट
- औषधीय तथा सुगन्धित वनस्पतिबाहेक अन्य नाकाबाट भइरहेका सुदूरपश्चिम प्रदेशको उत्पादनको निर्यातको कूल मूल्य सुदूरपश्चिम प्रदेशका मुख्य भन्सार नाकामा अभिलेखित निर्यातभन्दा ठूलो नभएको हाम्रो आँकलन छ (सन् २०१८ मा नेरु ७७ करोड ५० लाख)


# सुदूरपश्चिम प्रदेशका नाकाबाट निर्यात

सन् २०१८ मा पाँच उत्पादन कूल निर्यात को ९५ % थिए: सल्लाको खोटा (५३%), खयर कत्था (२३.५%), तारपिन तेल (११.३%), दूग्धजन्य धृत तथा तैल पदार्थ (४.३%) र कच्छा (२.७%) ।

| | कत्था | | कच्छा | | ( गम, काठ वा सल्केट तारपिन तेल) | | ( रोजिन तथा रेसिन एसिड) | |
|---|---|---|---|---|---|---|---|---|
| नेरु दश लाख | कैलाली भन्सार, निर्यात मूल्य | नेपालको कूल निर्यातको प्रतिशत | कैलाली भन्सार, निर्यात मूल्य | नेपालको कूल निर्यातको प्रतिशत | कैलाली भन्सार, निर्यात मूल्य | नेपालको कूल निर्यातको प्रतिशत | कैलाली भन्सार, निर्यात मूल्य | नेपालको कूल निर्यातको प्रतिशत |
| 2015 | 26 | 5.09 | 1 | 11.89 | 85 | 32.39 | 535 | 33.08 |
| 2016 | 23 | 6.60 | 2 | 11.77 | 102 | 34.24 | 517 | 27.33 |
| 2017 | 69 | 10.47 | 10 | 47.14 | 97 | 34.25 | 425 | 25.87 |
| 2018 | 181 | 20.01 | 21 | 56.29 | 87 | 29.52 | 410 | 29.13 |
| 2019 (मे महिनासम्म) | 106 | 26.60 | 12 | 71.78 | 47 | 24.55 | 203 | 29.72 |

# सुदूरपश्चिम प्रदेशबाट निर्यात औषधीय तथा सुगन्धित वनस्पति

- नेपालको कूल औषधीय तथा सुगन्धित वनस्पति व्यापारमा सुदुरपश्चिमको हिस्सा **२०-३३%** छ ।
- औषधीय तथा सुगन्धित वनस्पति निर्यातमा प्राय: **कुनै प्रशोधन कार्य सामेल हुँदैन**



# सुदूरपश्चिम प्रदेशबाट निर्यात **औषधीय तथा सुगन्धित वनस्पति**

- यस्ता उत्पादन प्राय: **नेपालगंज वा काठमाडौँमा अवस्थित थोक बिक्रेतालाई बेचिन्छ** जसले तिनलाई **विदेश निर्यात** गर्छन् ।
- **सबैभन्दा महँगो सामग्री यार्त्सागुम्बु**लाई चिनिया बजारलाई बेचिन्छ ।



# सुदूरपश्चिम प्रदेशबाट निर्यात औषधीय तथा सुगन्धित वनस्पति

## नेपालबाट औषध तथा सुगन्धित वनस्पति निर्यात

| | 2014 | 2015 | 2016 | 2017 | 2018 |
|---|---|---|---|---|---|
| | Value (in NPR million) | Value (in NPR million) | Value (in NPR million) | Value (in NPR million) | Value (in NPR million) |
| HS CODE 12119000* | - | - | 11.35 | 45.61 | 51.07 |
| Yarchagumba (HS CODE 12119010) | 478.82 | 751.49 | 52.93 | 38.81 | 143.28 |
| HS CODE 12119090* | 1,267.48 | 549.73 | 631.02 | 679.95 | 1,278.39 |
| Total | 1,746.30 | 1,301.22 | 695.30 | 764.37 | 1,472.74 |

सार तेल : नेपालबाट निर्यात : ने.रु ४०-४२ करोड (२०१७-१८ र २०१८-१९)

# सुदूरपश्चिम प्रदेशबाट निर्यात हस्तकलाका सामग्री

- **अल्लोको रेशाबाट निर्मित वस्तु** तथा लोक्ताको हाते कागजबाट निर्मित उत्पादन
- अल्लो र लोक्ता दुवै सुदुरपश्चिमका पहाडमा भेटिन्छन् । **सन् २०१६-१७ मा सुदुरपश्चिमको लोक्ता उत्पादन कूल राष्ट्रिय उत्पादनको ४५% थियो भने अल्लोको उत्पादन ६१% थियो** । यसमा राष्ट्रिय तथा सामुदायिक वनका तथ्यांक मात्रै सामेल छन्।

# सुदूरपश्चिम प्रदेशबाट निर्यात हस्तकलाका सामग्री

- स्थानीयहरूले अल्लोको बोक्राबाट धागो उत्पादन गरेर थोक बिक्रेतालाई बेच्छन् जसले उद्यमीहरुलाई बेच्छन् ।
- स्थानीयहरूले लोक्ताको हाते कागज बनाएर थोक बिक्रेतालाई बेच्छन् जसले काठमाडौँमा अवस्थित हाते कागज उद्यमीलाई बेच्छन् ।



# निर्यात सम्भाव्यताका स्रोत

## सम्पदा

- **प्राकृतिक स्रोतसाधन**
- **विविधता**
- **स्वतः प्रांगारिक**
- **भइआएका निर्यातहरू**

## विश्वव्यापी माग

- **प्रांगारिक उत्पादनका लागि माग**
- **विवेकी उपभोग संस्कृति**

## मूख्य सामग्रीको निर्यातमा समस्याहरू : औषधीय तथा सुगन्धित वनस्पति

- स्थानीय समुदायको संलग्नता **कच्चा जडिबुटीको संकलनमा मात्रै सिमित** रहेकाले त्यस तहमा मूल्य अभिवृद्धि कार्य सीमित रहेको ।
- यस क्षेत्रको प्राय: औषधीय तथा सुगन्धित वनस्पति कच्चा पदार्थको रूपमा **भारत निर्यात हुने हुनाले अन्य बजारसम्म पहुँच निर्माण** गर्न तिर ध्यान दिन आवश्यक । यसका लागि औषधीय तथा सुगन्धित वनस्पति **वर्गीकरण र प्रशोधन कार्यलाई सुधार** तथा अन्य आवश्यक प्रमाणीकरण कार्य विकास गर्नुपर्छ ।

## मूख्य सामग्रीको निर्यातमा समस्याहरू : औषधीय तथा सुगन्धित वनस्पति

- रिट्ठा र चिउरीबाट **सरसफाईका सामग्री, साबुन आदि बनाउने सम्भावना** तर त्यसको पर्याप्त उपयोग गर्न नसकिएको
- **किट संकट विश्लेषण अपर्याप्त** हुनु ।
- **भण्डारण र प्रशोधनको व्यवस्था र पूर्वाधार नभएको** ।
- **दिगो संकलन अभ्यासको अभाव** ।



## मूख्य सामग्रीको निर्यातमा समस्याहरू : खोटो, तारपिन, कत्था आदि

- **गैरकाष्ठ वनजन्य उत्पादनको उपलब्धता:** कत्थाको लागि खयर, रोजिन र तारपिनको लागि सल्ला
- विदेशमा बनेका **कृत्रिम पदार्थले प्रतिस्थापन गर्दैछन्**
- कच्चा पदार्थ आपूर्ति तथा संरक्षण प्रयासलाई सन्तुलनमा राख्न **वनजंगलको वैज्ञानिक व्यवस्थापन आवश्यक**
- **विदेशी बजारहरूमा** यी सामग्रीको प्राकृतिक गुणका लागि **प्रवर्धन गर्नुपर्ने**

# मूख्य सामग्रीको निर्यातमा समस्याहरू : हस्तकला

- लोक्ता तथा अल्लोजस्ता **कच्चा पदार्थको दिगो उपलब्धता** तथा **उचित संकलन अभ्यास**को आवश्यकता
- स्थानीय समुदायको उत्पादनको मूल्य अभिवृद्धि गर्न ती **उत्पादनको गुणस्तरमा सुधार** गरिनुपर्ने
- उत्पादित सामग्रीको गुणस्तर बढाउन तथा उत्पादनमा संलग्न कष्ट घटाउन **साधारण यन्त्र र साधनको प्रयोगमार्फत उत्पादन पद्दतिको गुणस्तर उकास्नु पर्ने**

# मूख्य सामग्रीको निर्यातमा समस्याहरू : हस्तकला

- स्थानीय तहमा **उत्पादित सामग्रीमा विविधता ल्याउनु र गुणस्तर उकास्नु पर्ने** । जस्तै, अल्लोका धागो उत्पादन गर्ने स्थानीय उत्पादकहरूले झोला र कार्पेट आदि बनाउन सक्छन् भने लोक्ता बनाउनेले कागजका बाकस, र्‍यापिंग पेपर आदि बनाउन सक्छन् ।



# परम्परागत हिमाल वारपार व्यापार

- **वस्तु विनिमयको प्रचलन** अझैपनि व्यापक छ। यस्तो व्यापार सिमा वारपार पारिवारिक तथा बिहेबारीको सम्बन्धले सहजीकरण गर्छ। **सीमावर्ती समुदायहरूको जीविकोपार्जनको प्रमुख स्रोत**मा पर्ने ।
- **मुख्य बजारः ताक्लाकोट। समयः असारदेखि असोज**
- नेपाल र भारतमा अवस्थित व्यापारीहरू परस्परमा आश्रित

# परम्परागत हिमाल वारपार व्यापार

- तिब्बततर्फ मुख्य निर्यात: प्राय: **भारतबाट खरिद गरिने गुड र मिस्रि**
- नेपालबाट अन्य निर्यात: **चाँदीका गहना, फापरको पिठो (शिली), चिउरा, नुडल्स, चुरोट, औषधीय तथा सुगन्धित वनस्पति**



# परम्परागत हिमाल वारपार व्यापार

- तिब्बतबाट नेपाल आयातः **चरु (उनको कम्बल), ऊन, याक चँवर, छुर्पी, तैयारी कपडा, जुत्ताचप्पल, रक्सी**
- **नेपाली व्यापारीहरू अनुमति लिएर भारतको बाटो प्रयोग गर्छन्।** स्थानीय बासिन्दा खलंगादेखि तिङ्करसम्म बाटो चाहन्छन्।
- **तिङ्करमा छोटीभन्सार** छ जुन **अहिले कार्यान्वयनमा छैन** र जहाँ आधारभूत पूर्वाधारको अभाव छ।

# परम्परागत हिमाल वारपार व्यापार

- **सन् २०१९ मा चीनियाँ भन्सारले खाद्यसुरक्षा नियम लागू गर्दा करिब डेढ महिनाको लागि गुड र मिस्रिको निर्यात रोकिएको थियो।** हाल अस्थायी रूपमा समाधान भएपनि अनिश्चितता कायमै छ।
- स्थानीय व्यापारीहरू अन्तर्राष्ट्रिय व्यापार नाकाबाट हुने व्यापार र परम्परागत सीमावर्ती व्यापारलाई भिन्दा भिन्दै व्यवहार भएको हेर्न चाहन्छन्।

# सुझावहरु

- **स्रोतसाधनबारे अध्ययन गर्ने**
- **प्रविधि तथा क्षमता अभिवृद्धिमार्फत प्रशोधन तथा गुणस्तर वृद्धितर्फ लाग्ने**
- प्रमुख परियोजनाको रूपमा **जडिबुटी प्रशोधन कम्पनि विकास गर्ने**
- **स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारसम्म सम्बन्ध विस्तार** गर्ने



## सुझावहरु

- **जानकारीको अभावलाई सम्बोधन गर्ने**
- स्थानविशेषको भूबनौट र हावापानीमा आधारित **ब्राण्ड विकास गर्ने**
- **गुणस्तर** आश्वासन सुनिश्चित गर्ने **संस्था तथा पूर्वाधार विकास** गने
- **अन्तरप्रादेशिक तथा अन्तर्राष्ट्रिय व्यापारबारे डाटाबेस निर्माण** गर्ने र सुदुरपश्चिमका लागि सान्दर्भिक हुने उत्पादन सामग्री र व्यापारबारे अध्ययन अनुसन्धान सम्पन्न गराउने

# सुझावहरु

- विविध नीतिगत विषय: **प्रादेशिक व्यापार र वाणिज्य नीतिलाई अन्तर्राष्ट्रिय व्यापारसँग जोड्ने**, **नीति तथा कार्यक्रमलाई संघीय निर्यात रणनीतिसँग जोड्ने**, गैरकाष्ठ वनजन्य उद्योगलाई गुणस्तर अभिवृद्धि तथा निर्यात प्रवर्धन गर्नतर्फ लक्षित कार्यक्रम तथा प्रोत्साहनलाई मूल्यांकन गर्ने
- **औद्योगिक नीतिलाई थप परिमार्जित बनाउँदै** त्यसबाट लाभ लिने

# सुझावहरु

- सुनियोजित सडकआदि **पूर्वाधार विकास कार्यक्रम** सुरु गर्ने
- सुनियोजित तवरले **विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राम स्थापना** गर्ने
- व्यापार सम्झौता तथा सम्बन्धित मुद्दा – **सीमावर्ती समुदायले सामना गर्ने व्यापारसम्बन्धि मुद्दालाई तुरुन्त समाधान गर्नआवश्यक** संयन्त्रसहित
- **लैंगिक उत्तरदायी दृष्टिकोण** अपनाउने



# धन्यवाद